## कार्यपालिका बैठक संख्या - २०२औं बैठक

आज मिति २०८३।०४।१९ गते विहान ०८:३० बजे पूर्वखोला गाउँपालिका अध्यक्ष श्री नुन बहादुर थापा ज्यूको अध्यक्षतामा देहाय बमोजिमको कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक पालिका बैठक कक्षमा बसी तपसिल बमोजिमको एजेन्डाहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो।

**उपस्थिति**

| क्र.स | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष श्री नुन बहादुर थापा | पूर्वखोला गा.पा अध्यक्ष | |
| २ | श्री भागिरथी भट्टराई | पूर्वखोला गा.पा उपाध्यक्ष | |
| ३ | श्री राजु नेपाल | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | मेहर सिंह थापा | प्रवक्ता एवंम् वडा अध्यक्ष वडा न. ४ | |
| ५ | श्री गिरीमान आले | वडा अध्यक्ष वडा नं. १ | |
| ६ | श्री निर बहादुर सारु | वडा अध्यक्ष वडा नं. २ | |
| ७ | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष वडा नं. ३ | |
| ८ | श्री विष्णु कुमार पल्ली | वडा अध्यक्ष वडा नं. ५ | |
| ९ | श्री धन बहादुर घर्ती | वडा अध्यक्ष वडा नं. ६ | |
| १० | श्री भिमी सरा आले | कार्यपालिका सदस्य | |
| ११ | श्री देवीसरा गाहा | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सरा घर्ती | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता दर्लामी | कार्यपालिका सदस्य | |
| १४ | श्री राजु परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री चन्द्रसिं बर्मेली | कार्यपालिका सदस्य | |

**आमन्त्रित:**

१) सूचना ग्याली → सूचना प्रविधि अधिकृत

२) शान्ति आचार्य → कार्यालय सहयोगी

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

बैठकका एजेन्डा:

१) अघिल्लो २०१औं बैठकको समिक्षा सम्बन्धमा,
२) चालु आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा,
३) कृषि तथा पशु विकास साझेदारी कार्यक्रम सम्बन्धमा,
४) आ.व. २०८२/०८३ को समिक्षा सम्बन्धमा,
५) आ.व. २०८३/०८४ को कार्ययोजना निर्माण सम्बन्धमा,
६) मनसुन्जन्य विपद लाभग्राही सम्बन्धमा,
७) रोयल्टी माग गर्ने सम्बन्धमा,
८) कार्यविधि पारित तथा संशोधन सम्बन्धमा,
९) १५ शैया अस्पताल संचालन सम्बन्धमा,
१०) स्वघोषणा सम्बन्धमा,
११) बिबिध:
   क) स्विकृती सम्बन्धमा,
   ख) बजार अनुगमन सम्बन्धमा,
   ग) राहत तथा आर्थिक सहयोग सम्बन्धमा

निर्णयहरु:

१) अघिल्लो २०१औं कार्यपालिका बैठकको समिक्षा गरी यस अघि भएका अधिकांश निर्णयहरु कार्यान्वयन भएको तथा केही निर्णयहरु कार्यान्वयनको चरणमा गएको पाईयो।
२) चालु आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम https://sutra.fcgo.gov.np प्रविष्ट गरी आवश्यक योजना तथा कार्यक्रमको कार्यान्वयन गर्ने गराउने प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।
३) पूर्वखोला गाउँपालिकाको कृषि तथा पशु विकास कार्यक्रम समुदाय स्तरमा पुर्याउनको लागि हेफर इन्टरनेसनल सँगको सह लगानीमा कार्यक्रम संचालन गर्ने गरी कार्यविधि बनाई कार्यविधि अनुसार कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।
४) आ.व. २०८२/०८३ मा सम्पन्न भएका योजना तथा कार्यक्रमको समिक्षा कार्यक्रम मिति २०८३/०५/१० गते गाउँपालिकाको सभा हलमा गर्ने सर्वसम्मत निर्णय गरियो।
५) आ.व. २०८३/०८४ को कार्ययोजना निर्माण गरी भाद्र १५ गते भित्र गाउँ कार्यपालिकाको बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

६) पूर्वखोला गाउँपालिका वडा न.१ सिलुवाको तपसिल लाभग्राहीलाई जिल्ला प्रशासन कार्यालय पाल्पामा पठाउने सर्वसम्मत निर्णय गरियो।

| सि.न. | नाम थर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | नर बहादुर सार्की | पूर्वखोला-१ | २०८३/०३/२६ गतेको वर्षाको कारण क्षति पुगेको |
| २ | रन बहादुर सारु | पूर्वखोला-१ | २०८३/०४/०४ गतेको बर्षको कारण क्षति पुगेको |

७) पूर्वखोला गाउँपालिकाको पहुँच मार्गका रुपमा रहेको हुमिन रिङ्गनेरह ज्यामिरे सडक नामक मोटरबाटो स्तरोन्नति योजना कार्यान्वयन गर्न ठेक्का प्राप्त गर्ने पन्थ कन्स्ट्रक्सन प्रा/लि.ले आफ्नो ठेक्काको मोटरबाटोको क्षेत्राधिकार भित्र पर्ने भनी पूर्वखोला गाउँपालिका वडा नं. ३ मा रहेको वनको क्षेत्राधिकार भित्र पर्ने पाटे रह नामक क्षेत्रबाट विगत ४ वर्षदेखि गिट्टी/वालुवा/ढुङ्गा लगायतका सामाग्रीहरु निकाली प्रयोग गर्ने गरेको र राजश्वका सम्बन्धमा चासो र सरोकार राख्दा सडकको क्षेत्राधिकार भित्र परेकाले निशुल्क रुपमा प्राप्त हुने भन्ने कारण देखाई गाउँपालिकामा कुनै रोयल्टी नबुझाएको र हाल निजले बुझाउनु पर्ने भन्ने बुझिन आएकाले निज ठेकेदार सँग वार्ता गरी नियमानुसारको राजश्व असुली गर्ने सर्वसम्मत निर्णय गरियो।

८) पूर्वखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृतीका लागि पेश भएका तपसिलका कार्यविधिहरु स्वीकृत गरी पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल:

क) पूर्वखोला गाउँपालिका कृषक समूह गठन तथा व्यवस्थापन निर्देशिका,

ख) पूर्वखोला गाउँपालिकाको संघ संस्था, समूह, समिति, क्लब दर्ता तथा व्यवस्थापन कार्यविधि,

ग) पूर्वखोला गाउँपालिकाको व्यवसाय कर सम्बन्धी कार्यविधि,२०७८ लाई संसोधन गरी पूर्वखोला गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण कार्यविधि, २०८३ बनाउने सर्वसम्मत निर्णय गरियो।

९) पूर्वखोला गाउँपालिका वडा न. ५ मा निर्माण भएको १५ शैया अस्पतालको भवन निर्माण कार्य पुरा भएकोले उक्त अस्पतालबाट सेवा सुचारु गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

१०) गाउँपालिकाले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्र भन्दा बाहिर गएर कुनै कर लगाउने र ऊठाउने नगरेको व्यहोरा घोषणा गर्ने सर्वसम्मत् निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष

११) विविध

क) गाउँपालिकाको क्षेत्र भित्र बग्ने पूर्वखोलामा जलविद्युत आयोजना निर्माणका लागि शिवशक्ति उर्जा प्रा.लि.ले अनुमति तथा सम्बन्धित निकायहरुमा सिफारिश पत्र प्रदान गरिदिन निवेदन मार्फत अनुरोध गरेकाले उर्जा विकास सँग सम्बन्धित निकायहरुसँग आवश्यक राय, परामर्श तथा सिफारिश माग गरी नियमानुसार गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख) पूर्वखोला गाउँपालिका भित्र रहेका फर्म तथा व्यवसायहरुको बजार अनुगमन कार्य गाउँपालिका उपाध्यक्ष भागीरथी शर्मा भट्टराईको संयोजकत्वमा अनुगमन टोली बनाएर बजार अनुगमन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ग) पूर्वखोला गाउँपालिका भित्र बसोबास गर्ने तपसिलमा उल्लेखित व्यक्तिहरुले दिएको निवेदनमा छलफल गर्दा तपसिल बमोजिमको राहत उपलब्ध गराउने सर्वसम्मतले निर्णय गरियो।

| क्र.स. | नाम थर | ठेगाना | राहत माग / रकम | उपलब्ध गराएको राहत रकम |
|---|---|---|---|---|
| १. | कुल प्रसाद काफ्ले | पूर्वखोला-३ | ५० एम.एम. को ३० मिटर | ६३ एम.एम. को १५ मिटर |
| २. | सावित्रा गाहा | पूर्वखोला-१ | बाघले खसी खाएको | आर्थिक सहयोग रु.३.०००/- |
| ३ | लिल बहादुर आले | पूर्वखोला-१ | ३*१*१ को ९ वटा<br>१.५*१*१ को ९ वटा | ३*१*१ को २ वटा<br>१.५*१*१ को २ वटा |
| ४ | मन कुमारी | पूर्वखोला-३ | विद्युतको तार तल झरी असुरक्षित भएको | पूर्वखोला सामुदायिक विद्युत इकाईलाई खबर गरी क्षति कम गर्ने |

२०८३/०८/१९

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

नुन बहादुर थापा
अध्यक्ष